आज मिति २०७९ साल जेष्ठ १९ गते बिहीबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १ (पहिलो) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्यः श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री राजन पौडेल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अघिल्लो कार्यकालको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
३. पहिलो नगर सभाको दशौं बैठकबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक विकास योजना) कार्यान्वयनको अवस्था सम्बन्धमा।
४. आर्थिक वर्ष २०७९/०८० को लागि नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) निर्माण गर्ने सम्बन्धमा।
५. विभिन्न विषयगत समिति गठन गर्ने सम्बन्धमा।
६. विज्ञ संवाद आयोजना गर्ने सम्बन्धमा।
७. विश्व वातावरण दिवस (जुन ५) मनाउने सम्बन्धमा।
८. आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र प्रकृया अगाडी बढाउने सम्बन्धमा।
९. नव निर्वाचित जनप्रतिनिधिज्यूहरुको परिचयपत्र बनाउने सम्बन्धमा।
१०. सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरुको बैंक खाता खोली आर्थिक प्रशासन शाखालाई उपलब्ध गराउने सम्बन्धमा।
११. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।
२. नगर कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा।
३. न्यायिक समिति गठन गर्ने सम्बन्धमा।
४. मेथिनकोट अस्पतालको लागि सदस्य तोक्ने सम्बन्धमा।
५. निर्णय सार्वजनिक गर्ने सम्बन्धमा।
६. दाप्चा स्वास्थ्य चौकीलाई एम्बुलेन्स उपलब्ध गराउने सम्बन्धमा।
७. विविध।

निर्णयहरु:

निर्णय नं. १:

स्थानीय तह घोषणा भए पश्चात मिति २०७४/०१/३० गते सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन, २०७४ मा निर्वाचित भई सफलता पुर्वक नमोबुद्ध नगरपालिकाको पहिलो कार्यकाल सम्पन्न गर्नुभएकोमा तत्कालिन नगर प्रमुखज्यू, तत्कालिन उप-प्रमुखज्यू, तत्कालिन वडा अध्यक्षज्यू, तत्कालिन नगर सभा

सदस्यज्यूहरु, तत्कालीन नगर कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने।

<u>निर्णय नं. २:</u>

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाले सम्पादन गरेका कार्यहरु, नगरपालिकाबाट प्रवाह गरिने सेवाहरु, नगर कार्यपालिका बैठकको निर्णयहरु, सार्वजनिक महत्वका सूचनाहरु, वक्तव्य, विज्ञप्ति आदि लगायत नगरपालिकाबाट सार्वजनिक गरिने विविध सार्वजनिक महत्वका कार्यहरुको सम्पादन गर्नका लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ का वडा अध्यक्ष श्री टिका बहादुर के.सी.लाई नगर कार्यपालिकाको प्रवक्ता तोक्ने।

<u>निर्णय नं. ३:</u>

नेपालको संविधानको भाग १७ को धारा २१८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद- ३ को दफा १६ को उपदफा (४) को देहाय ख. बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ न्यायिक कार्य सम्बन्धी व्यवस्था अनुसार, नमोबुद्ध नगरपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५, कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न नमोबुद्ध नगरपालिकाको उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूको संयोजकत्वमा तपशिल बमोजिमको ३ (तीन) सदस्यीय न्यायिक समिति गठन गर्ने।

*<u>तपशिलः</u>*

१. उप-प्रमुख श्री रत्न बहादुर लामा - संयोजक
२. वडा अध्यक्ष श्री अर्जुन बहादुर कार्की - सदस्य
३. वडा अध्यक्ष श्री धर्म सिं लामा - सदस्य

<u>निर्णय नं. ४:</u>

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबांट स्वीकृत प्रदेश भित्रका अस्पतालको संचालन र व्यवस्थापन आदेश, २०७५ को दफा ३ को उपदफा (२) को देहाय ख. मा उल्लेख भएको सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको सम्बन्धित स्थानीय तहको कार्यपालिका सदस्य सो अस्पतालको व्यवस्थापन समितिको सदस्य रहने व्यवस्था अनुसार यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०४ स्थित प्रादेशिक अस्पताल श्री मेथिनकोट अस्पतालको लागि वडा अध्यक्ष श्री रमेश तिवारीलाई सदस्य तोक्ने।

निर्णय नं. ५:

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिका बैठकले गरेका सम्पूर्ण निर्णयहरु सम्बन्धित शाखाहरु, वडा कार्यालयहरु, सम्पूर्ण कर्मचारीहरु लगायत सरोकारवाला सबैको जानकारीका लागि बैठक सम्पन्न भएको २४ घण्टा भित्र नगरपालिकाको आधिकारिक वेभसाइटमा सार्वजनिक गर्ने।

निर्णय नं. ६:

यस नमोबुद्ध नगरपालिकाको दाप्चा तथा सो आसपासका क्षेत्रलाई लक्षित गरेर यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित दाप्चा स्वास्थ्य चौकीलाई सो स्वास्थ्य चौकी मातहतमा नै रहने र व्यवस्थापन लगायत सम्पूर्ण कार्य नगरपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने गरी यस नमोबुद्ध नगरपालिकामा रहेको एम्बुलेन्स बागमती प्रदेश ०१-००२-झ ५८२२ हस्तान्तरण गर्ने।